'यदि तिमीले व्यक्तिलाई मुल्याङ्कन गर्न थाल्यौ भने उसलाई प्रेम गर्न विर्सन्छौं ।' - मदर टेरेसा


हामी जे देख्छौं, त्यही लेख्छौं

# रेखदेख

www.rekhadekh.com

प्रेस काउन्सिल नेपालद्वारा 'ख' मा बर्गिकृत

साप्ताहिक



रेखदेख

पत्रिकाको ग्राहक बन्नु परेमा

सूचना तथा विज्ञापन छपाई गर्नु परेमा

पत्रिका नियमित नआएमा

समाचार तथा विचार छपाई गर्नु परेमा

सम्पर्कको लागि :

९८५१२३६७१३,९८४७८७६७१३

Email-info@rekhadekh.com



वर्ष ५ | अंक २४ रुकुम | २०७६ जेठ १३ सोमबार | 27 May 2019 Monday | मुल्य २० | पृष्ठ ६





सरकारमा कम्युनिस्ट हुन्थेन भने ? २

अन्तत : कसरी सकिए भारतमा कम्युनिष्ट पार्टी ? ४

एक गाग्रोभन्दा बढी पानी भरेमा जरिवाना ६




## छात्रबृतिको रकम दुरूपयोग

# 'सरकार दिन्छ, विद्यालय दिदैन्'

नेपाल सरकार शिक्षा विभागको कार्यक्रम कार्यान्वयन पुस्तिकामा कक्षा १-८ सम्मका दलित छात्र-छात्रका अन्य साथै छात्राहरुलाई ४ सय रुपैयाँ र ९ र १० कक्षामा अध्ययरत दलित छात्रा-छात्रलाई ५ सय रुपैयाँका दरले हरेक वर्ष छात्रबृत्ति प्रदान गर्ने व्यवस्था गरेको छ । आठविसकोट नगरपालिका-१४ मा रहेको जनविकास माध्यामिक विद्यालयले विद्यार्थीहरुको नक्कली हस्ताक्षर गरी रकमको दुरुपयोग गरेको स्थानीयले जनाएका छन् ।

**रेखदेख संवाददाता**
**मुसीकोट**

रुकुम पश्चिमको एक सामुदायिक विद्यालयले छात्राबृत्तिको रकम वितरण गरेको छैन्। आठविसकोट नगरपालिका-१४ मा रहेको जनविकास माध्यामिक विद्यालय ज्यामिरकोट घेत्माले छात्रा तथा दलित विद्यार्थीहरुले पाउँने छात्रबृतिको रकम वितरण नगरेको स्थानीय गुनासो गरेका छन् । झण्डै ५ वर्षदेखी यहाँका छात्रा तथा दलित विद्यार्थीहरु छात्रबृति रकमबाट बञ्चित भएको स्थानीयको गुनासो गरेका छन्।

नेपाल सरकार शिक्षा विभागको कार्यक्रम कार्यान्वयन पुस्तिकामा कक्षा १-८ सम्मका दलित छात्र-छात्रका साथै अन्य छात्राहरुलाई ४ सय रुपैयाँ र ९ र १० कक्षामा अध्ययरत दलित छात्रा-छात्रलाई ५ सय रुपैयाँका दरले हरेक वर्ष छात्रबृत्ति प्रदान गर्ने व्यवस्था गरेको छ। तर विद्यालयले उक्त छात्रबृतिको रकम विद्यार्थीलाई नबुझाएको स्थानीयवासी ले बताएका छन्।

'विद्यालयका प्रधानाध्यापक खिमानन्द शर्मा, केही शिक्षक र लेखापालले छात्रबृतिको रकम अन्तै खर्च गरेको विद्यार्थीहरुले आरोप लगाएका छन् ।' विद्यालयले विद्यार्थीहरुलाई रकम नबुझाएर पनि विद्यालयले नक्कली हस्ताक्षर गरेर विद्यार्थीहरुलाई रकम बुझाएको कागज नगर तथा साविकको जिल्ला शिक्षा कार्यालयमा बुझाउने गरेको तथ्य खुलेको छ।

स्थानीयबासी शम्भु शर्मा भन्छन्, 'झण्डै ४/५ वर्षदेखी विद्यार्थीहरुले छात्रबृत्तिको रकम पाउँन सकेको छैनन्।' हामीले पटक-पटक आवाज उठाउँदा पनि विद्यालय प्रशासनले विद्यार्थीलाई छात्रबृत्तिको रकम नबुझाएको शर्माले बताए।

अन्य विद्यालयमा अध्ययरत छात्रा तथा दलित विद्यार्थीहरुले छात्रबृतिको रकम प्राप्त गरेको सुनेपनि आफूले नपाएको कक्षा १० मा अध्यनरत एक जना छात्राले भनिन, 'हाम्रो नाममा पैसा आउँछ, खै कसले खान्छ ? उनले उल्टै प्रश्न तर्साएकी छिन्।'

यस विषयमा आठविसकोट नगर शिक्षा समिति र नगरपालिकालाई समेत पटक पटक जानकारी गराउँदा पनि स्थाननीय सरकार मौन रहेको स्थानीयले गुनासो गरेका छन्।

विशेषगरी शिक्षामा छोरी, दलित विद्यार्थीहरुलाई विद्यालयमा टिकाई राख्न नेपाल सरकारले हरेक वर्ष छात्रवृत्तिको रकम छुट्याउने गरेको छ।

उता विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद शर्माका अनुसार विद्यालयमा विद्यार्थीहरुको अनुपातमा शिक्षक दरबन्दी नहुँदा नीजि स्रोतको तलव र भौतिक पूर्वाधारमा छात्रबृत्तिको रकम खर्च गरेको स्वीकार गरेका छन्। उनले भने, 'शिक्षक नहुँदा विद्यालय चलाउन समस्या भएपछि छात्रबृतिको रकम खर्च गर्नु परेको हो।'

उक्त विद्यालयमा हरेक वर्ष झण्डै ६५ हजार रुपैयाँ छात्राबृतिमा निकासा हुने गरेको विद्यालयका प्रधानाध्यापक खिमानन्द शर्माले जानकारी दिएका छन्। उनले भने,'छात्रबृत्तिको रकम शिक्षक तलवमा खर्च गरिएको छ।

छात्रबृत्तिको रकम शिक्षकको तलवमा खर्च गनृ मिल्ने हैन, तर समस्या भएपछि खर्च गरिएको हो ।' सामदायिक विद्यालयमा अध्यनरत छात्रा र दलित विद्यार्थीहरुको अनुपातमा हरेक वर्ष छात्रबृत्तिको रकम छुट्याएको हुन्छ। गत शैक्षक सत्रको रकम यस वर्ष ५६ हजार निकासा भएको छ।

आठविसकोट नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाका संयोजक थलबीर ओलीले छात्रबृतिको रकम विद्यार्थीले नपाएको जानकारी नभएको बताए। उनले भने,'सबै विद्यालयहरु छात्रबृतिको रकम सम्बन्धीत विद्यार्थीलाई बुझाएको कागजजात कार्यालयमा बुझाएका छन्। यदि छात्रबृतिको रकम सम्वन्धीत विद्यार्थीहरुलाई नबुझाउने विद्यालयका प्रधानाध्यापक र लेखापाललाई कारवाही गरिने शिक्षा संयोजक ओलीले बताएका छन्।।

# सडक स्तरोन्नतिमा ढिलाई भएको गुनासो

**रेखदेख संवाददाता**
**मुसीकोट**

रुकुम पश्चिमको सदरमुकाम मुसीकोट क्षेत्र भित्रको सडक निर्माण कार्य ढिलाई भएको स्थानीयले गुनासो गरेका छन्। मुसीकोट नगरपालिका-१ स्थित कालिका मन्दिरदेखि बह्राटाकुरासम्मको झण्डै एक किलोमिटर सडकको स्तरोन्नतिको काममा ढिलाई भएको हो। सघन सहरी विकास कार्यक्रम अन्तर्गत खलंगा बजारको मुख्य सडकमा पार्किङ टायल बिछ्याएर स्तरोन्नति काम सुरु गरिएको झण्डै तीन महिना वितेको छ । तर निर्माण सुरु गरिएको तीनमा महिनामा पनि सडक स्तोरन्तीको कामले गति नलिएको स्थानीयबासी गुनासो गरेका छन्।

'बर्षातको समय सुरु हुंदा सम्म सडक निर्माण हुन सकेको छैन्, स्थानीय गोरखबहादुर खत्रीले बताए।' उनले भने, 'मुख्य सडकको काम निर्माणका ठेकदार कम्पनीको लापरबाहीका कारण मान्छे आवतजावतमा समस्या भएको छ।' निर्माणधिन सडक स्तरोन्नतिको क्रममा व्यवस्थित ढल निकास निर्माण गरिछ। सडक स्तरोन्नतिका लागि भ्याटसहित २ करोड ७१ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको जनाएको छ। सघन सहरी विकास कार्यक्रम अन्तर्गत संघीय कार्यान्वयन इकाई सुर्खेत मार्फत निर्माण कम्पनीले सडक स्तरोन्नतिको काम थालेको छ। नापी कार्यालय, संघीय कार्यान्वन इकाई सुर्खेत र निर्माण कम्पनीले सडकको स्तरोन्नतिका लागि सडकको केन्द्र भाग र दायाँबायाँ छुट्याउने काम सकेपछि स्तरोन्नतिको काम सुरु भएको थियो। निर्माणको जिम्मा यती विल्डर्सरकोशी न्यौपाने जेभीले सडक स्तरोन्नतिको जिम्मा लिएको छ।

गत साउन महिनामा सघन सहरी विकास कार्यक्रम र निर्माण कम्पनीबीच सम्झौता भएको थियो । सम्झौता बमोजिम आगामी असोज महिनामा काम सक्नु पर्नेछ। सम्झौतामा पाँच मिटर चौडाइको सडक बनाउनु पर्ने उल्लेख गरिएको छ।

काम तोकिएको समयभन्दा ढिला सुरु भएको निर्माण कम्पनीका प्रतिनिधि कमल बुढाले बताएका छन्। सरकारी निकायको तर्फबाट कुन कार्यालय मार्फत सडक निर्माण गर्ने भन्ने टुंगो लाग्न ढिला भएकाले सडकको काम पनि ढिला भएको उनको भनाइ छ। जिल्ला सदरमुकाम तथा जिल्लाको मुख्य बजारको सडक स्तरोन्नति सुरु भएपछि स्थानीय खुसी भएका छन्। पुरानो तथा धेरै भिडभाड हुने बजारको सडक राम्रो नहुँदा स्थानीयले समस्या बेहोर्नु परिरहेको छ। मुसीकोट बजार क्षेत्रको सडकमा खाल्डाखुल्डी भएकै कारण हिउँदमा धुलो र बर्षातको समयमा हिलोको कारण आवतजावतमा समस्या हुँदै आएको छ।


लामो समयसम्म काठमाण्डौंको नर्विक इन्टरनेश्नल हस्पिटल तथा अन्य हस्पिटलहरुमा काम गर्नु भएका

**डा. प्रकाश शाह बाट**

बालबालिका तथा बृद्ध बृद्धाहरुको नि:शुल्क स्वास्थ्य चेकजाँच

यहि मिति २०७६ जेठ १६ र १७ गते

रुकुम पोलिकिल्निक कम्पनि प्रा. लि.मुसिकोट नपा.१ बागबजार खानेपानी रहेको ठुलोभबन रुकुम (पश्चिम) सर्म्पक नम्बर : ९८०९८०१९४७,९८६६१७०४२८


नेपाल सरकार
भूमी व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमी व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय
रुकुम (पश्चिम)

मिति: २०७६/०२/०९

## ३५ दिने सार्वजनिक सूचना

प्रस्तुत विषयमा सिम्ली-१ हाल सानीभेरी गाउँपालिका -९ बस्ने दलबहादुर खड्काले साविक सिम्ली-१ बस्ने ठेपु खड्काको नाती जयराम खड्काको छोरा तिलबिर खड्काको नाममा रहेका सिम्ली-१ का कि.नं. ८५१, ३१६ का जग्गाहरु मेरो नाममा नामसारी गरीपाउँ भनि निवेदन पेश गरेकोले उक्त जग्गाहरु नीज निवेदक दलबहादुर खड्काको नाममा नामसारी गर्ने नमिल्ने भए यदि कोही कसै हकदार भए सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र दावी उजुर गर्न आउनु होला अन्याथा नियमानुसार नामसारी भै जाने व्यहोरा समेत सबैको जानकारीको लागि अनुरोध छ ।

| वडा न. | कि.नं. | क्षेत्रफल | जग्गा धनीको नाम | कैफियत |
|---|---|---|---|---|
| १/०९०८ | ८५१ | ००४०५ ब.मी. | तिलबिर खड्का | |
| १/०९०७ | ३१६ | ००३३० ब.मी. | तिलबिर खड्का | |

मोहनप्रकाश गिरी
मालपोत अधिकृत
जिल्ला मालपोत कार्यालय रुकुम (पश्चिम)

गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा सत्रु हुन् । यसको विरुद्ध सबै सचेत, सजग र क्रियाशिल रहनु पर्दछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा सञ्चार विभाग

'बाटो कहाँ जान्छ , त्यहा नजानुहोस् बरु त्यहाँ जानुहोस् जहाँ कुनै बाटो छैन र छाप छोड्नुहोस् ।' - राल्फ वाल्डो एमर्सन

## सम्पादकीय

# सबै वडामा सडक कहिले पुग्ला ?

संघीय संरचना अनुसार दुई जिल्लामा विभाजन भएको छ । ९ स्थानीय तह रहेको रुकुममा तीन गाउँपालिकाको रुकुम पूर्व र ३ गाउँपालिका र ३ नगरपालिकाको रुकुम पश्चिम गरी दुई जिल्लामा विभाजन भएको हो । रुकुम दुई जिल्लामा विभाजन भएसँगै विकास निर्माणले गति लिने कुरामा दुवै रुकुमेलीहरु आशावादी छन् । तर रुकुमको भौगलिक विगटता, बजेटको अभावका कारण सोचेजस्तो विकासले भने विकास निर्माणले गति लिन सकेको छैन् । अझै पनि रुकुम पुर्व र पश्चिमका सबै वडाहरुमा सडकको सहज पहुँच पुग्न सकेको छैन् । दुवै जिल्लाको १५ वटा वडा सडक सञ्जालबाट बञ्चित रहेका छन् । भने सडक पुगको वडाहरुमा पनि बाह्रै महिना यातायातका साधन चल्न चल्ने अवस्थामा छैन् । विशेषगरी अधिकास सडकहरुमा हिँउदको समयमा मात्र गाडि सञ्चालन हुन्छ । त्यसैले सबै वडाहरुमा यातायातको सहज पहुँच पुऱ्याउन स्थानीय तहहरुले विशेष पहल गर्नुपर्दछ । हुन त स्थानीय विकास मन्त्रालयले आगामी दुई वर्ष भित्र सबै वडाहरुमा सडक विस्तार गर्न स्थानीय निकायलाई परिपत्र गरेको छ । बजेट व्यवस्थापन र र विकास निर्माणमा हुने अनियमितताले न्यूनीकरण गरेर लागेमा निर्धारित समयमा सडक सबै वडामा पुग्न सक्छ । हैन भने हात्ति आयो हात्ति आयो फुस्सा मात्र हो ।

रेखदेख
पाठक वर्गमा अनुरोध
तपाईहरुलाई रेखदेख साप्ताहिक पत्रिकामा प्रकाशित सामाग्रीहरू कस्तो लाग्छ ? पत्रिकालाई थप जनमूखी बनाउन के गर्नुपर्ला ? साथै पत्रिकामा लेख-रचना, प्रतिक्रिया सल्लाह सुझावको साथै सूचना तथा विज्ञापन छाप्नु परेमा सम्पर्कको लागि मोवाईल ९८४७८७६७१३ ईमेल : info@rekhadekh.com वा rekhadekh@gmail.com मा पठाउनुहोला ।
- सम्पादक

# सरकारमा कम्युनिस्ट हुन्थेन भने ?

विगतमा सरकारमा जान कम्युनिस्ट नेताले दिएको 'राष्ट्रवादी' नारा, जनपक्षीय कुरा र चर्का क्रान्तिकारी भाषण अहिले के भए वा तिनले के गर्दैछन् ? यत्ति हेक्का त नागरिकले निश्चय पनि राखेका होलान् ।





कुलचन्द्र वाग्ले

कम्युनिस्ट सरकारमा हुन्येन भने यतिबेला के हुन्थ्यो, वा के गर्थ्यो ? यो प्रश्न नेपालका कम्युनिस्टको विगत चरित्र र व्यवहार देख्दै वा भोग्दै आएको नेपाली सचेत मनमा उब्जिएको हुनुपर्छ । अहिले एकमुष्ठ सरकारमा बसेको कम्युनिस्टको सरकार के गर्दैछ ? त्यो पनि नेपाली नागरिकले मसिनोसँग नियाल्दै गरेको हुनुपर्छ । दुई अध्यक्ष भएपनि नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को एकल सरकार भएकाले सरकारको सन्दर्भमा कम्युनिस्ट'हरु' भन्न मिलेन । तर, दलहरु त कम्युनिस्ट नामका अरु पनि छन् ।

सरकारमा गएको कम्युनिस्टको काम गराइ र विगतमा सरकारमा जान आतुर कम्युनिस्टको व्यवहारले नै जनताले यिनको परख गर्ने हो । विगतमा सरकारमा जान कम्युनिस्ट नेताले दिएको 'राष्ट्रवादी' नारा, जनपक्षीय कुरा र चर्का क्रान्तिकारी भाषण अहिले के भए वा तिनले के गर्दैछन् ? यत्ति हेक्का त नागरिकले निश्चय पनि राखेका होलान् ।

यो सरकारले पनि आफ्नो काम गलत वा असफल छ भन्ने सत्य बुझेको देखिँदैछ । यही कारण जनताले जानकारी पाउने प्रमुख माध्यम पत्रकारिताको मुख थुन्न र कलम भाँच्न सरकार उद्यत भएको हुनुपर्छ । आफ्नो स्वेच्छाचारी व्यवहार र असफलता नागरिकले थाहा नपाऊन् भन्ने उद्देश्यले नै प्रेसलाई बन्धक बनाउन खोजिएको दुनियाँलाई थाहा छ । सुझाव अर्थात् आलोचनात्मक सुझाव यो सरकारलाई 'सर्पलाई दूध र मूर्खलाई अर्ती' भनेजस्तै अपाच्य छ ।

मानव अधिकार विरुद्ध खनिएको सरकार सम्बन्धित सवैधानिक आयोगलाई महान्यायाधिवक्ताको 'अन्तर्गत' राख्न खोज्दैछ । प्राज्ञिक स्वतन्त्रताको मर्ममा प्रहार गर्ने विश्व विद्यालय सम्बन्धी विधेयक प्रस्तुत गरेको छ । बुझिन्छ, बुद्धिजीवीलाई थला पार्ने फँणा फैलिंदो छ ।

उक्त तीन क्षेत्र जनताको चेतना र अधिकारसँग अत्यन्त घनिष्ट छन् । संविधान प्रत्याभूत स्वायत्तता खोसेर ती संस्थालाई मातहतका कुनै अड्डा जस्तो बनाउने कोसिस गरिएको छ ।

जनताको अभिव्यक्ति चेतना र अधिकारवाहक यस्ता संस्थामाथि कानुनको चाबुक चलाउने स्वेच्छाचारी सरकारी मनसुवा प्रकट हुँदैछ । किन ? यही हो लोकतन्त्र वा यस्तै हुन्छ त गणतन्त्र ?

यो प्रश्न यहीं छोडेर, सरकारमा नभएको कम्युनिस्ट कस्तो थियो र हुन्थ्यो, भन्ने प्रश्नको उत्तर खोज्न विगततर्फ फर्कनु पर्छ । नेकपा एमालेका तत्कालीन महासचिव मदन भण्डारीले जनताको बहुलीय जनवाद (जबज) भन्ने नारा दिएर उनको दल कम्युनिस्टलाई संसदीय प्रजातान्त्रिक सरकारमा पुग्ने बाटो बनाइदिए । अधिनायकवादी एकात्मक शासन प्रणालीको दर्शनले दीक्षित कम्युनिस्टलाई भण्डारीको नयाँ उपहार थियो - जबज ।

उनले जबज त भने तर २०४८ सालमा बहुमत प्राप्त जननिर्वाचित सरकारलाई उन्नाइस दिनमै ढालिदिन्छु भन्दै उनैले सडक आन्दोलन सुरु गरे । भलै सकेनन् तर शैली त अधिनायवाद प्रेरित असहिष्णु नै देखाए । त्यतिबेला भण्डारीले 'जबज'बहुदलीय प्रणालीका लागि हो र यो प्रणालीमा प्रतिपक्षको भूमिका रचनात्मक पनि हुनपर्छ भन्दिएको भए सायद यसपछि कम्युनिस्ट दलले ध्वंसात्मक बाटोबाहेक रचनात्मक बन्ने चेतसमेत पाउने थिए ।

उनले त जननिर्वाचित सरकारलाई सय दिनको मधुमास (हनिमून डेज्) दिने प्रचलनलाई पनि बेवास्ता गरिदिए । कम्युनिस्टलाई सरकारमा पुग्ने सूत्र दिएका भण्डारीले रचनात्मक हुने मन्त्र चाहिँ दिएनन् । सायद, उनको दर्शनमा यो कुरै थिएन कि ।

सरकारमा रहँदा पनि कम्युनिस्ट रचनात्मक भएन । यो प्रसंग पनि अलि तलका लागि । अब कम्युनिस्टको अर्को ध्वंस चेत वा संस्कारको कुरा गरौं । विसं २०५७ सालमा सरकारमा जान नपाएको त्यसबेलाको नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले ५२ दिन संसद् अवरुद्ध गर्यो । यसले प्रजातान्त्रिक प्रणाली र विश्वासलाई कमजोर पार्ने दूरगामी दुष्परिणाम ल्यायो । केही कमजोरी सरकारमा रहेको अरु दलको पनि थियो होला तर संसदीय प्रक्रिया नै अवरुद्ध पार्ने गरी जनतालाई निराश बनाउने शैली प्रतिपक्षले त्यसरी अपनाउनु कति प्रजातान्त्रिक चरित्र थियो त्यो ?

प्रजातान्त्रिक चुनाबी प्रक्रियाबाट जनमत जितेर सरकारमा जानसक्ने सम्भावना नदेखेकै कारण नेकपा (माओवादी) जंगल पसेर हिंसाचारमा लागेको पनि थाहै छ । सत्ता बन्दुकको नालबाट जन्मिने हिंसाले पाइन्छ भन्ने कम्युनिस्टहरु सरकारमा जाने मौका मिल्नासाथ यही संसदीय प्रजातान्त्रिक प्रणालीमा लुटपुटिएको पनि सबैले देखेका छन् । कम्युनिस्ट सरकारमा बसेकाहरुले बहुदलीय संसदीय प्रजातान्त्रिक पद्धतिको फल त खाँदैछन् तर कतै यही पद्धतिप्रति नै 'छल' पो गर्दैछन् कि ? यस्तो प्रश्नको उत्तर यो सरकारको व्यवहार हेरेर खोज्ने हो, खोज्न सकिन्छ ।

सरकारमा नभएको कम्युनिस्टको ध्वंश कार्यको फेहरिस्त अत्यन्त लामो र नेपाली समाजका लागि ज्यादै दुःखद छ । जनधनको त्यस्तो ध्वंशले देश सयौं वर्ष पछि धकेलिएको छ । साना मसिना उपलब्धिले ध्वंशको पहाड छोप्ने कम्युनिस्ट प्रयत्न जारी छ । विगत पीडादायी घाउ लिएर गुज्रिएको छ । यो पुस्ताको समयले बिर्सने कुरा भएन । इतिहासले पनि भुल्ने छैन । के त्यो विगत समीक्षा गरेर अब कम्युनिस्टहरु रचनात्मक यात्रा गर्न तयार वा इमानदार छन् त ? यो प्रश्नको उत्तर उनीहरुले व्यवहारबाट दिनुपर्ने हो ।

सरकारमा रहेका कम्युनिस्टको व्यवहार हेर्दा फेरि पनि उनीहरू रचनात्मक बन्न गएको देखिँदैन । बोलीमा यसका शीर्ष नेताले जस्तो असहिष्णु इतिहासले अर्को देखाउँदैन । व्यवहारमा त्यस्तै शैली । प्रजातान्त्रिक पद्धतिको रक्षा गर्ने, जनताको अधिकार अक्षुण्ण राख्ने र सबैको अस्तित्वलाई मुखरित हुनदिने पक्षमा यो सरकारको चरित्र रचानात्मक थियो भने उसले अहिले प्रस्तुत गरेका विधेयक हरुभित्र अधिनायकवादी भूतात्मा भरिने थिएन । सम्पूर्ण राज्यसत्ताका संयन्त्रलाई केन्द्रीभूत गर्ने उद्देश्य पनि लिने थिएन ।

मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा गएको छ । भनिन्छ - संघीय प्रक्रिया शक्ति विकेन्द्रीकरणको अब्बल प्रणाली हो । तर, सरकार प्रदेश र स्थानीय तहलाई संविधानले दिएकै अधिकार अभ्यास गर्न दिन कन्जुस्याइँ गर्दैछ । गणतन्त्र 'नेपालबाट बयल गाडा चढेर अमेरिका जानुजस्तै' हो भन्ने कम्युनिस्ट नेता त्यही गणतन्त्र कार्यान्वयन गर्ने प्रधानमन्त्री पदमा आसीन छन् । उनी संघीयता विरोधी प्रवक्ता पनि त हुन् ।

सरकारका मुखिया तिनै प्रधानमन्त्री केपी ओली अहिले सरकारका आलोचकहरुलाई 'गणतन्त्र विरोधी' आरोपित गर्न (गल्छी भाषण) हौसिएका छन् ।

आफूलाई गणतन्त्रवादी देख्ने उनको हौस्याइँ सरकार पाउनुमा जो छ । उनी सरकारमा हुन्थेनन् भने उनको भाषा यही हुन्थ्यो त ? विगतले त्यो पुष्टि गर्दैन, विगतले उल्टो पुष्टि गरिसकेको छ ।

सरकारी दासताभित्र न्यायालय, प्रेस, नागरिक अधिकार , सुरक्षा परिषद्, र प्राज्ञिक (विश्व विद्यालय) लगायत संवैधानिक निकायहरुलाई गाँज्न खोज्ने सरकारी र बैयामा कहींकतै रचनात्मक प्रजातान्त्रिक सोच प्रतिबिम्बित भएको छैन । सरकारमा हुँदा पनि वा नहुँदा पनि कम्युनिस्ट शैली सोच रचनात्मक देखिएन ।

फरक सडक वा प्रतिपक्षमा हुनु र सरकारमा रहनुबाहेक व्यवहारमा अधिनायकवादी नै देखियो कम्युनिस्ट र यसको सरकार पनि । जनतालाई दमन गर्ने प्रवृत्ति यतिबेला पनि सरकारले प्रदर्शित गरेकै छ । सडक वा सरकारमा हुँदाको तरिका फरक भए पनि ।

सरकारको व्यक्त विचार निर्बाध भइरहे, प्रदर्शित व्यवहार निर्बाध चलिरहे, प्रस्तुत विधेयकहरु निर्बाध कानुन बने ? जनताले पाउने के हो ? यो मुलुक पुग्ने कता हो ? कुनै भ्रम नपाले हुन्छ, न देखाए हुन्छ - पाउने र पुग्ने अधिनायकवाद नै हो, स्वेच्छाचारी तानाशाही नै हो । शब्द कठोर लाग्लान् तर यस्तै भए देखिने भविष्य यही हो, अर्को छैन ।

सरकारमा पुग्न नीति, विचार, दर्शन, चरित्र सबैसबै फालिदिए । तिनै कम्युनिस्ट सरकारमा छन् । नेता भण्डारीले दिएको जबज फाले, एमाले फाले । माओ मन्त्र २१ औं शताब्दीको नयाँ जनवाद उनै माओमा समाधिस्थ गरिदिए । यतिबेला यी ठूलाठालु कम्युनिस्टसँग सत्ता बाहेक न नीति छ, न दर्शन । यी प्रजातन्त्रवादी देखिएनन्, हुन पनि सक्दैनन् क्यार ! प्रजातान्त्रिक हुन्थे भने, विधिको शासन मान्थे । संवैधानिक सर्वोच्चता स्वीकार गर्थे । सुशासन र नागरिक स्वतन्त्रताको रक्षक बन्थे । तर गर्दैछन् उल्टो उल्टो । भन्दैछन् - निर्वाचित दुई तिहाइको सर्वेसर्वा सरकार । 'एकोहम् द्वितियो नास्ति' भने जस्तै । मानौं, राज्य सञ्चालनको जम्मा जम्मी सर्वाधिकार त्यही दुईतिहाइ सरकार हो । यो भएपछि संविधान पनि उसैको इसारामा चल्नुपर्छ, संसद, सभामुख पनि सरकारकै मुख बन्नुपर्छ ।

न्यायालय चुँ बोल्नुहुन्न दुईतिहाइको कोपभाजन हुन्छ । अरु सबै भनिएका संवैधानिक निकाय 'कथित' हुन् सर कार अघिल्तिर । 'अहं ब्रह्मास्मि' सरकार । अरु केही छैन, कोही छैन । भए नि ती सबै सरकारी प्रवक्ता हुन् । इतिहासलाई साक्षी मानेर एकपटक फेरि सम्झना, सोचौं त- ' यी कम्युनिस्ट हुन्थेनन भने ?' अहिले गर्थे के, पहिले गरेका थिए के ? नीति, दर्शन सबै मासेर पाएको सरकार पो हो त यो !

बाह्रखरी डटकमबाट



रुकुम पश्चिमको सामुदायिक नहरुबाट संकलन गरिएको खोटोको बाकसहरु । पछिल्लो समय खोटो बिक्रीबाट सामुदायिक वनहरुले आम्दानी गर्न थालेका छन् । तस्वीरः **रेखदेख साप्ताहिक**


यस TNT टेक्निकल कलेज

मुसिकोट नगरपालिका-१, रुकुम (पश्चिम)

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

**पढाई हुने कोर्षहरु**

| ३ वर्षे कोर्षहरु | | १५ महिने कोर्षहरु |
|---|---|---|
| • General medicine(HA)<br>• Staff nurse, pharmacy<br>• Lab techinican (CMLT)<br>• Dental Hyggienic<br>• Radiography | • Diploma in civil<br>• Diploma in electrical<br>• Diploma in computer<br>• Diploma in electronic<br>• I .sc. Ag., vet<br>• foresty | • C.M.A. ANM<br>• Lab assistant<br>• Sub overseer<br>• Agriculture JTA<br>• Vet JTA. Amin |

**हाम्रा विशेषताहरुः-**

- अनुभवी ख्याती प्राप्त बिषयविज्ञ प्रशिक्षकबाट अध्ययन गराईने ।
- प्रत्येक हप्ताको एक पटक मोडेल टेस्ट गराईने र कमजोर विद्यार्थीका लागि छुट्टै कक्षाको व्यवस्था ।
- विद्यार्थीहरुले चाहेको कलेजमा इन्ट्रान्स दिने व्यवस्था मिलाईने
- विद्यार्थीहरुलाई CTEVT को Scholarship मा नाम निकाल्न सफल भएको ।
- विद्यार्थीहरुलाई सत प्रतिशत नाम निकाल्ने गरि पठन पाठन गराईने ।
- उत्कृष्ट विद्यार्थीहरुलाई Scholarship को व्यवस्था भएको ।
- दलित अपाङ्ग पिछडिएको वर्गलाई विशेष छुट गरिने ।
- English Language /Computer Basic पुर्ण रुपमा निशुल्क सिकाईने
- समुहमा आउने विद्यार्थीलाई विशेष छुटको व्यवस्था भएको ।

***नोट : यस रुकुममै TNT टेक्निकल कलेजमा १५ महिने टेलिकम टेक्निसियन कम्प्युटर अपरेटर र विल्डीङ इलेक्ट्रिसियन सञ्चालन भईरहेको व्होरा जानकारी गराईन्छ ।***

**थप जानकारिको लागी**

TNT टेक्निकल कलेज

मुसीकोट न.पा.-१ खलंगा (सानोभेरी एफ.एम. भएको घरमा हाईस्कुल जाने बाटो)

रुकुम (पश्चिम) सम्पर्क : ९८२८८२२८९५ ,९८६९७०७३४० र ९८१०९६९६६५


# शैक्षिक सुधार भए मात्र देश समृद्ध बन्छ,-शर्मा



**रेखदेख संवाददाता**
**मुसीकोट**

नेपाल राष्टिय शिक्षक संगठनका केन्द्रिय अध्यक्ष लक्ष्मण शर्माले शैक्षिक सुधारलाई पहिलो प्राथमिकतामा राखेर अघि बढे मात्र देश समृद्ध बन्ने बताएका छन् । नेपाल राष्टिय शिक्षक संगठन रुकुम पश्चिमको १६ औ जिल्ला परिषदलाई आज मुसिकोटमा सम्बोधन गर्दै यस्तो बताएका हुन् ।

अन्य देशमा शिक्षा र शिक्षकलाई पहिलो प्राथमिकतामा राख्ने अभ्यासले मात्र संघीयता र देश समृद्ध भएको उदारहरण प्रस्तुत गरेका छन् ।

कार्यक्रममा बोल्दै अध्यक्ष शर्माले शिक्षा ऐन र नियमावलीहरु शिक्षा क्षेत्र र शिक्षकरुको हितमा आउनुपर्ने बताए । नेपालको राज्य प्रणालीले शिक्षकहरुलाई हेपाह प्रवृत्तिले हेर्ने दृष्टिकोण भएकोले यसलाई अन्त्य गर्नुपर्ने जनाए । त्यस्तै सार्वजनिक शिक्षाको वृत्ति विकासक लागि शिक्षकहरुलाई निजामति र सुरक्षा निकायका कर्मचारी भन्दा २० प्रतिशतले तलव बढी दिई मासिक ४० हजार दिनुपर्ने भनाई उनको छ । त्यस्तै शिक्षकको पेशागत हितका लागि पहिना पहिनामा तालिम, गोष्ठी हुनुपर्ने, १० लागि बीमा हुनुपर्ने, राज्यबाट सहुलियत उपचार, शिक्षक र सस्थागत विकासका विभिन्न कार्यक्रम लागु गर्न पनि सरकारलाई माग गरेका छन् । यसका लागि शिक्षक संगठन लागि परेको र निरन्तर संघर्षमा रहेको बताएका छन् ।

शिक्षकहरु सबैभन्दा बुद्धिमान र ईमान्दार भएकोले सरकारले र सम्बन्धित पक्षले नहेप्न पनि चेतावनी दिए । । आफ्ना मागहरु स्थानीय, प्रदेश र संघीय सरकारले पुरा नगरे देश ठप्प पार्न समेत पछि नहट्ने जनाए । उनले भने, अहिले पनि निजी शिक्षाको भन्दा सार्वजनिक शिक्षा धेरै गुणा गुणस्तरीय रहेका छन् । लोकसेवा आयोग, विश्वविद्यालय, संघसंथा र विदेशी शैक्षिक सस्थामा समेत सार्वजनिक विद्यालयमा पढेका विद्यार्थीहरुले सफलता बढी प्राप्त गरेको दाबी छ ।

नीजि शिक्षामा पढेकाहरु विदेशमा गएर लुकेको र नेपालको शिक्षा क्षेत्रमा कुनै सेवा नगरेको बरु विभिन्न सामुद्रिक तटमा सेल्फी खिचिरेको आरोप लगाएका छन् ।

नीजि शिक्षाका सञ्चालकहरुले बढी प्रचार गरेकोले भ्रम भएको र सार्वजनिक शिक्षामा प्रचारबाजी नभएकोले सरकारी शिक्षालाई कसैले नबुझेको बताए । नेपाल राष्टिय शिक्षक संगठन नेपालको सबैभन्दा जेठा र ठूलो संगठन भएको भन्दै अन्तराष्ट्रिय सचिव र उपाध्यक्ष जस्तो क्षेत्रमा समेत संगठनले हात पारेको छ ।

आगामी वर्षमा सार्वजनिक शिक्षा र शिक्षक वर्गलाई सक्षम र स्तरिय बनाउने, शिक्षकवर्गलाई एउटै शिक्षकका रुपमा स्थापित गराउने, राहत, अस्थायी, करार, नीजि, स्थायी शिक्षकका सबै प्रकारका समस्या हल गर्न लागि पर्ने, शिक्षकका सबै प्रकारका सेवा सुविधामा वृद्धि र थप गर्न पहल गर्ने, सार्वजनिक शिक्षाको गुणस्तर बढाउन सक्रिय रहने, आफ्ना छोराछोरीलाई सार्वजनिक विद्यालयमै भर्ना गराउने, शिक्षक बीमा १० लाख बनाउन पहल गर्ने, संगठनलाई शसक्त बनाउने लगायतका निर्णय पारित गर्दै १६ औ जिल्ला परिषद सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा नेकपाका केन्द्रिय सदस्य खेममान खड्का, नेकपा रुकुम पशिचमका सचिव विमल पुनमगर, नेपाल राष्टिय शिक्षक संगठनका उपाध्यक्ष नन्दराम देवकोटा, शिक्षक महासंघका केन्द्रिय सदस्य संगम केसी, शिक्षक महासंघ रुकुम पशिचमका उपाध्यक्ष देवबहादुर खड्का, अखिल नेपाल शिक्षाक संगठनका प्रतिनीधि प्रेमबहादुर खड्का, नेपाल शिक्षक संघका जिल्ला सचिव खिमबहादुर खड्का लगायतले मन्तव्य राखेका थिए ।

उक्त कार्यक्रमको अध्यक्षता नेपाल राष्टिय शिक्षक संगठन रुकुमका अध्यक्ष लोकबहादुर केसीले गरेको कार्यक्रममा सञ्चालन सचिव यमराज ओलीले गरेको जनाएको छ ।

## रेखदेख साप्ताहिक राशिफल

१३-१९ जेठ २०७६
27 May - 2 Jun 2019

**युवा जोतिष : ठाकुर देवकोटा**
**सम्पर्क नं.** ९८४७८४४०९५




**मेष :** सकारात्मक सोचाईले कार्यमा सफलता रहनेछ । आफन्तको भनाई लाई आत्मा साथ गर्दै अगाडि बढनु होला । तपाईको परिश्रम बाट अरुलाई बढि फाईदा रहने समय देखिन्छ । छेनिक फाईदा लिदा दिर्घकालीन असर हुने समय रहेको देखिन्छ । प्रयास बाट कुनै पनि नयाँ काम गर्ने समय छ ।




**वृष :** कार्यको शिलशिलामा केहि समस्या रहनेछ । तत्कालीन फाईदा नहुने कार्यको भूमिका लिनु पर्ने देखिन्छ । तपाईको कमजोरीको मौका अरुले उठाउने समय देखिन्छ । सामाजिक कार्यमा सफलता रहने समय देखिन्छ । तपाईका अगाडि थुपै अवसर हुनेछन तर सोच बिचार गरेर अगाडि बढनु होला ।




**मिथुन :** आफन्त तथा सहयोगिहरुको राम्रो साथ सहयोग रहने समय छ । तपाईको कार्यको प्रशंसा हुनेछ । आफनो प्रतिभाले अरुलाई आर्कषित गर्ने समय रहेको छ । मान प्रतिष्ठा बढने समय रहेको देखिन्छ । तपाईको मेहनत बाट कार्यमा सफलता रहने समय देखिन्छ । नसोचेको काम बन्ने समय रहेको छ ।




**कर्कट :** आफनो भन्दा अरुको लागि बढि समय दिनु पर्ने समय रहेको छ । स्वास्थ्यमा बिशेष ख्याल गर्नुहोला । आर्थिक लेनदेनमा समस्या आउने समय छ । केहि बस्तु हराउने समय छ । दौडधुप बढने समय छ । बिगतका समस्याहरु बेलामौकामा दोहरिन सक्ने देखिन्छ । सोचेको कार्यमा केहि बाधा रहने




**सिंह :** घर परिवारको साथ सहयोग बाट कार्यमा सफलता रहने समय छ । प्रेम तथा मित्रताको क्षेत्रमा सफलता रहनेछ । बोल्दा बिचार गरेर बोल्नु होला । समस्या दर्साउदा केहि सहयोग रहनेछ । हतार मा काम नगर्नु होला । सोचविचार गरेर काम गर्नु होला । मेहनत र लगनशीलताले काम बन्ने समय रहेको छ ।




**कन्या :** अरुको बिश्वासमा नलाग्नु होला । फाईदा लागि गोपिनियतामा ख्याल गर्नु होला । केहि उत्साह तथा केहि समस्यामय समय रहेको देखिन्छ । दैनिक कार्यमा ठिकै रहला । साधन स्रोतको प्रयोग बढने समय छ । मेहनत गर्नेहरुको लागि समय ठिकै रहला । तपाईको कार्यमा बाधा दिनेहरु प्रशस्त्र हुनेछन ।




**तुला :** बौद्धिक क्षेत्रमा सफलता ठिकै छ । आयआर्जनमा सफलता रहने देखिन्छ । आफुलाई मन पर्ने भौतिक सामाग्री जोडने समय रहेको छ । बिगतमा रोकिएका कामहरु बन्ने समय रहेको देखिन्छ । व्यापार व्यवसायमा ठिकै छ । प्रयास बाट सोचेका कामहरु बन्ने समय रहेको देखिन्छ । शैक्षिक क्षेत्रमा सफलता रहने छ ।




**वृश्चिक :** घर परिवारको साथ र सहयोगको माध्यामबाट कार्य बन्ने समय रहेको छ । मन पर्ने भौतिक सामाग्री जोडने समय छ । बिगतमा रोकिएका कामहरु बन्ने समय छ । आर्थिक क्षेत्रमा ठिकै रहने समय देखिन्छ । आफन्त तथा सहयोगिहरुको भावना बुझने प्रयास गर्नुहोला आयआर्जनमा ठिकै रहला ।




**धनु :** समय लाई व्यवस्थापन मिलाएर अगाडि बढनु होला । आफन्तको सल्लाह सुझावलाई मध्यनजर गर्दै अगाडि बढनु होला । विगतको समस्याले केहि प्रतिकुलता दिने देखिन्छ । अनाबश्यक खर्च बढने छ । आत्मा बिश्वास बाट कार्यमा सफलता छ । लगनशीलता बाट जीवनशैलीमा परिवर्तन हुने समय छ ।




**मकर :** सामान्य प्रयास बाट कार्यमा सफलता रहनेछ । मेहनत बाट कार्यमा सफलता रहनेछ । तपाईको बिचार अभिव्यक्तिले कार्यमा सहयोगको भूमिका खेल्ने समय छ । आम्दानीका बढने समय रहेको छ । तपाईको बोलिको प्रभाव पर्ने देखिन्छ । सोचबिचार बाट आर्जन गर्ने ठाउँ पत्ता लगाउने समय छ ।




**कुम्भ :** बिगतको कार्य सफलताले आत्मा बिश्वास बढने समय छ । स्वादिष्ट भोजनको समय छ । रमाईलोमा समय बित्नेछ । आफनो गल्ति कमजोरीलाई सुधार गर्ने समय रहेको छ । प्रेममा सफलता रहने छ । नबिन कामको प्रस्ताव आउनेछ । रचनात्मक काम बन्ने समय छ । आर्थिक क्षेत्रमा ठिकै रहला ।




**मीन :** धैर्यता तथा निरन्तरता बाट कार्यमा सफलता रहने समय छ । यात्राको समय रहेको छ । खर्चमा केहि बृद्धि रहने छ । आफनो मान सम्मानमा ख्याल गर्नुहोला । दैनिक कार्यमा सफलता छ । पहिलेको गल्ति लाई सुधार गरेर अगाडि बढने समय छ । घर बाहिरको कार्यमा सफलता रहने समय छ ।

# अन्तत : कसरी सकिए भारतमा कम्युनिष्ट पार्टी ?

**एजेन्सी** । भारतीय सञ्चार माध्यमहरुमा एकजना पात्रको तस्विर सहितका समाचार पछिल्ला दिनमा छापिएका छन्, भारतमा कम्युनिस्टहरु कसरी सकिए भन्ने व्यहोरामा । त्यसरी तस्विर छापिएका पात्र हुन् ।

सीताराम येचुरी, जो अहिले भाकपा (मार्क्सवादी) का महासचिव पनि हुन । उनी नेपालमा पनि परिचित छन् । किनकि २०६२-०६३ को आन्दोलनताका नेपालका राजनीतिक दललाई आन्दोलनको बेलामा भारतीय राजनीतिक दलको तर्फबाट ऐक्यबद्धता जनाउन उनी काठमाडौं-दिल्ली गरि रहन्थे । नेपालका कतिपय नेताहरुसँगको उनको घनिष्ट सम्बन्ध पनि छ । उनको पाटी त्यति बेला कांग्रेस आईबाट प्रतिनिधित्व गर्ने डा. मनमोहन सिंह सरकारको सत्ता साझेदार पनि थियो । भारतीय सञ्चारमाध्यममा जनाइए अनुसार उनले निर्वाचनमा कम्युनिस्ट पार्टीको हारलाई लिएर समीक्षा गरिने बताएका छन् । भारतमा कम्युनिस्टहरुको गढ मानिने पश्चिम बंगालमा यसपालि त्यहाँका कम्युनिस्ट पार्टीहरु शून्यमा झरेका छन् । त्यहाँ कम्युनिस्टका तर्फबाट सन् १९७७ देखि २०११ सम्म ३४ वर्ष एक छत्र शासन चलाइएको थियो ।

यस पालिको लोकसभा निर्वाचनमा केरला, तमिलनाडु, त्रिपुरा लगायतका क्षेत्रमा औंलामा गन्न सकिने त्यो पनि दुई हातको औंलामा होइन एक हातको औंलामा गन्न सकिने गरी कम्युनिस्ट उमेदवारहरु अग्रस्थान वा जितेको अवस्थामा रहेको विषय पनि प्राथमिकताका साथ प्रकाशित भएको छ । सन् २००४ सम्म त्यहाँका कम्युनिस्ट पार्टीहरुको ६४ वटासम्म सिट संसदमा थियो । उनीहरु त्यति बेला सत्ता साझेदार पनि थिए ।

कम्युनिस्ट पार्टी अफ इण्डिया (मार्क्सवादी) को सांसद सिट संख्या २०१४ मा आइ पुग्दा १० मा सीमित भयो। विगतमा दशौं हजार मानिस कम्युनिस्ट र्यालीमा भाग लिन रातो टिशर्ट लगाएर खडा हुने गरेका थिए, टाउकोमा रातै ह्याट हुन्थे । सक्रिय थिए तर अहिले त्यो लडाइँ व्यर्थको लडाइँ जस्तो देखिएको छ ।

येचुरी केरलाका ६ सिटको संरक्षणका लागि चुनावताका पुगेका थिए । तर , अहिले परिणाम निकै खराब आएको छ । युवाहरुमा पहिला आकर्षण थियो तर अहिले पहिरो गएको छ । उनीहरु लेफ्टबाट मध्यमार्गतिर लागेका छन् । कोही भाजपा तिर लागेका छन् भने कोही कांग्रेस आइमा ।

सन् २००८ को आर्थिक संकटले मानिस फेरि वामपन्थी तर्फ फर्किन थालेको येचुरीले बताएका थिए । कम्युनिस्ट पाटीले गरिबीका कुरा उठाउने गरे पनि परिणाममा भने त्यो नदेखिएको एका तिर पाइयो भने अर्कातर्फ अन्य पार्टीले पनि कम्युनिस्टले उठाउने जस्तै मुद्दा उठाउन थालेका छन् ।

त्यसले गर्दा लामो इतिहास बोकेका कम्युनिस्ट भने पत्तासाफ हुने अवस्थामा पुगेका छन् । कम्युनिस्ट पाटी अफ इण्डिया (सीपीआई) भारतको सबैभन्दा पुरानो कम्युनिस्ट पार्टी हो । यो कहिले स्थापना भएको हो भन्ने कुरामा विभिन्न भनाइ पाइन्छ। सीपीआईले भने स्थापना दिवस १९२५ को डिसेम्बर २६ लाई मान्ने गरेको छ । सीपीआईबाट फुटेर १९६४ मा सीपीआई (मार्क्सवादी) बनेको हो। ती दुईबीच चीनको खालको कम्युनिस्ट बन्ने कि रसियाको जस्तो भन्ने बारेमा उतिबेला विवाद भएको बताइने गरेको छ ।

कम्युनिस्ट पार्टी अफ इण्डिया (सीपीआई) भारतको मात्रै होइन विश्वकै पुरानो कम्युनिस्ट पार्टीमध्येको एक मानिन्छ। सन् १९४७ मा भारत स्वतन्त्र भए पछि यो शक्तिशाली पार्टी बनेको थियो । त्यति बेला उसलाई गरिबी विरुद्ध लड्ने सेनाको रुपमा समेत लिइन्थ्यो।

१९६४ मा यो पाटी फुट्यो। यस क्रममा पश्चिम बंगालमा भएको कम्युनिस्ट किल्ला ३४ वर्षपछि २०११ मा ढल्यो। उत्तर पूर्वी राज्य त्रिपुरा गएको वर्ष भाजपाको पोल्टोमा गर्यो । केरला पनि गएको छ ।

कम्युनिस्टका अझै पनि केही डाइहार्ड समर्थकहरु भने भारतमा छन् । तर जनमतको हिसाबले निकै कमजोर छ । अहिलेकै निर्वाचनमा अमेठी बाहेकको अर्को सिटमा जहाँ राहुल गान्धी लडेका थिए त्यो केरलाको वायनादपनि हो। जहाँ कम्युनिस्ट उमेदवार पराजित भएका छन् । केरला पनि कम्युनिस्टको बलियो गढ मानिन्छ ।

क्याराभान म्यागेजिनका राजनीतिक सम्पादक हतीष सिंह बलले भनेका छन्, “भारतको केरलाको अलाप्पुजामा एक सिट मात्रै लेफ्ट (वामपन्थी) का लागि लेफ्ट बाँकी रह्यो ।

पहिलो पकड क्षेत्र मानिएको पश्चिम बंगाल र त्रिपुरामा उनीहरुले यसपालि सबैथोक गुमाउनु पर्यो । तमिलनाडुका तीन सिटमा उनीहरु अगाडि रहेका छन् । यो कम्युनिस्टका लागि निकै अफ्ठेरो अवस्था हो । यो अवस्थालाई सुधार्नु निकै जटिल काम हो।

भाजपाले आफ्ना कार्यकर्तालाई काँध थापिदियो र तृणमूल कांग्रेसले पनि टेकओभर गरे पछि उनीहरुलाई पश्चिम बंगालमा अफ्ठेरो परेको हो। पहिला वामपन्थीको शक्ति पन्जाब, तेलंगना, आन्ध्र प्रदेश, तमिलनाडु देखि विहारसम्म थियो। उनीहरुको प्रभाव २००४ सम्म पनि राम्रै थियो। उनीहरुलाई अहिले परेको समस्या भनेको भाजपा, कांग्रेस र अन्य दलले पनि गरिबी विरुद्धका नारा दिनु पनि हो ।

१९६४ मा स्थापना भएपछि पहिलो पटक सीपीआईएम बंगालको आम निर्वाचनमा अहिले शून्य भएको हो । अहिले त्यहाँ उसका उमेदवार तेस्रो वा चौथो प्रतिस्पर्धामा मात्रै थिए। २००४ मा ४२ मध्ये २६ सिटमा सो पार्टीले पश्चिम बंगालमा जितेको थियो। २०१४ मा २ सिटमा झर्यो ।

चुनावको परिणाम पछि सीपीआईएमका प्रदेश सेक्रेटरी सूर्यकान्त मिश्रले अब आन्तरिक समीक्षा गरिने जनाएका छन् । सीपीआईएमका महासचिव येचुरीले चाहिं हारको एक मात्र कारण आफू मात्रै नभएको बताउँदै प्रतिरक्षा गर्न खोजेका छन् ।




# द्वन्द्वपीडितलाई इन्सेकको सहयोग



**रेखदेख संवाददाता**
**रुकुम पूर्व**

जिल्लाको सिस्ने गाउँपालिका -५ रुकुमकोटका एक द्वन्द्वपीडितलाई अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सहयोग गरेको छ। सशस्त्र द्वन्द्वको समयमा सेनाको गिर फ्तारीमा परी १५ महिना हिरासत र जेल बस्नुभएका ६३ वर्षीय धरमबहादुर शाहलाई कानुनी प्रक्रियाका लागि आर्थिक सहयोग गरिएको हो । शान्ति प्रक्रियामा आएको लामो समयसम्म पनि शाहले कतैबाट राहत तथा क्षतिपूर्ति नपाएपछि त्यसको प्रक्रिया अगाडि बढाउन पहल गर्दै इन्सेकले आवश्यक कानुनी खर्चवापत १५ हजार रुपैयाँ उपलब्ध गराएको छ । आइतवार जिल्ला प्रशासन कार्यालय रुकुम पूर्वमा प्रमुख जिल्ला अधिकारी मित्रलाल शर्मा र इन्सेक जिल्ला प्रतिनिधि मनिषा केसीले उक्त रकम द्वन्द्वपीडित शाहलाई हस्तान्तरण गर्नुभएको हो । आफ्नो राहत तथा क्षतिपूर्तिका लागि प्रक्रिया अगाडि बढाउन इन्सेकले गरेको सहयोग गरेकोमा पीडित शाहले खुसी व्यक्त गरेशका छन् । 'पहिले धेरै ठाउँमा पहल गरेपनि कतैबाट कुनै सहयोग पाइएन ।' उनले भने, 'ढिलै भएपनि अहिले इन्सेकबाट सहयोग पाउँदा आशा पलाएको छ ।'

आफू जेलमा हुँदा श्रीमतिले समेत छोडेको हुँदा अहिलेसम्म एक्लै जीवन बिताइरहेको उनले बताए ।

राहत नपाउँदा भारत जाने र उतै बस्ने सोच बनाएकोमा अब केही आशा पलाएको शाहको भनाइ छ । सरकारको तर्फबाट राहत पाउन छुटेका शाहको लागि के गर्न सकिन्छ भन्ने विषयमा आफूले माथिल्लो निकायमा बुझ्ने प्रमुख जिल्ला अधिकारी शर्माले जनारी दिएका छन् । आफ्नो तर्फबाट गर्न सकिने सबै सहयोग गर्न आफू तयार रहेको प्रजि शर्माको भनाई रहेको छ ।

शाहले राहत नपाएको जानकारीमा आएपछि इन्सेकले त्यसका लागि पहल गरेको इन्सेक रुकुम जिल्ला प्रतिनिधि मनिषा केसीले जानकारी दिएकी छिन् । आफूहरुले गरेको सहयोगबाट उहाँको राहत तथा क्षतिपूर्तिका लागि कानुनी प्रक्रियामा टेवा पुग्ने अपेक्षा गरिएको केसीको भनाइ छ ।


## जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र विवाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्यकर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगौती दुध खुवाउऔं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।

भुमे गाउँपालिकाको कार्यालय
रुकुम (पूर्व) ५ नम्बर प्रदेश नेपाल

'सामाजिक परिवर्तनका लागि राष्ट्रको पहरेदार'
**रेडियो गेमी त्रिवेणी एफ.एम.९४.३**

बिहान ५ बजेदेखि राती १० बजेसम्म सूचना, समाचार र संगितको साथी सधैं सुन्ने गरौ । साथै रेडियोमा सूचना समाचार र विज्ञापनको लागि सम्पर्क गनुहोला ।

**थप जानकारीको लागी**
रेडियो गेमीत्रिवेणी एफ.एफ.
मुसिकोट नपा. १ रुकुम फोन नं. ०८८-५३०२५०

रेखदेख
रुकुमको लोकप्रिय पत्रिका
२०७६ जेठ १३ सोमबार । 27 May 2019 Monday


# चुरोट पिउन नहुने ४० कारण



१.विश्वमा चुरोट सेवन गर्नेहरूमध्ये आधाको अकालमै मृत्यु हुन्छ ।
२. ढाड दुख्नुको प्रमुख कारण चुरोट सेवन पनि हो ।
३. चुरोट सेवनले बुढोपन छिटो गराउँछ ।
४. अमेरिकामा प्रत्येक पाँच मिनेटमा एक जनाको चुरोट सेवनका कारण मृत्यु हुन्छ ।
५. चुरोट सेवन गर्ने मानिसमा छालाको समस्या हुन्छ । यिनीहरूको छाला पहेँलो, फुस्रो र खुम्चिएको हुन्छ। छालामा रगत नपुगेर यो तन्किने सम्भावना हुन्छ ।
६. चुरोट सेवनले शरीरमा भएको भिटामिन 'सी' ३० प्रतिशतले घटाउँछ ।
७. चुरोट सेवनले आन्द्रामा हानि गर्छ।
८. निकोटिनले रगतमा कोलेस्ट्रोलको मात्रा बढाउँछ ।
९. चुरोट सेवनले दाँत र गिजा बिगार्नुका साथै मुखको अल्सर हुन्छ।
१०. चुरोट सेवन गर्नेहरूलाई डिमेन्सिया हुने सम्भावना दोब्बर हुन्छ ।
११.चुरोट सेवनले मोतिबिन्दु हुन सक्छ ।
१२. सुतीमा ६ हजारजति केमिकल हुन्छन्, जसमा साइनाइड, बुटेन र कार्वनमोनो अक्साइड जस्ता हानिकारक केमिकल नि हुन्छन् ।
१३. चुरोट सेवनले स्ट्रोक हुने सम्भावना ६ गुणा बढी हुन्छ ।
१४. गर्भावस्थाका बेला चुरोट सेवनले बर्सेनी पाँच हजार भ्रुणको मृत्यु हुन्छ । कम तौल र बौद्धिक विकस नभएका बच्चाहरूको पनि जन्म हुन्छ ।
१५. चुरोट सेवन गर्ने महिलामा महिनावारी छिटो रोकिने सम्भावना हुन्छ ।
१६. शरीरको सबै भागमा चुरोटले असर गर्छ, जसमा मुटु र भास्कुलर सिस्टम पनि पर्छ ।
१७. चुरोटले शरीरको रोगसँग लड्ने क्षमता पनि घटाउँछ ।
१८. चुरोटले मधुमेहको सम्भावना बढाउँछ ।
१९. चुरोट सेवनले व्यायम गर्ने क्षमतामा ह्रास ल्याउँछ ।
२०. चुरोट सेवनले निमोनिया हुने सम्भावना बढाउँछ ।
२१.चुरोट सेवन गर्ने ८७ प्रतिशत मानिसको मृत्यु फोक्सोको क्यान्सरका कारण हुन्छ ।
२२. चुरोट सेवनले महिलामा बाँझोपनको समस्या दोब्बर हुन्छ ।
२३. चुरोट सेवनले हड्डी कमजोर बनाउँछ ।
२४. चुरोट सेवनले आर्थिक भार थप्छ ।
२५. हेरोइन र रक्सीभन्दा पनि निकोटिनको लत कडा हुन्छ ।
२६. चुरोट सेवनले बढी तनाव र 'डिप्रेसन' हुने सम्भावना बढाउँछ ।
२७. शरीरमा भएको एन्टिअक्सिडेन्ट पनि चुरोट सेवनले घटाँउछ ।
२८. चुरोट सेवनले उच्च रक्तचाप हुन्छ । जसले गर्दा स्ट्रोक र हृदयघातको सम्भावना बढी हुन्छ ।
२९. चुरोट छोड्नाले दुईदेखि चार वर्षभित्र स्ट्रोक र हृदयघातको सम्भावना न्यून हुन्छ ।
३०. चुरोटले लिङ्गको नशा कडा हुन्छ, उत्तेजना पनि कम हुन्छ ।
३१.चुरोट सेवनले श्रवण श्क्तिमा असर गर्छ ।
३२. चुरोट सेवनले मुख गन्हाउने र गिजाको रोग लाग्छ। दाँत नि छिटो झर्न सक्छ ।
३३. बच्चालाई हुने क्यान्सरमा १५ प्रतिशत आमाले सेवन गरेको चुरोट नै मुख्य कारण हो ।
३४. चुरोट सेवनले कोरोनरी मुटु रोग हुन्छ।
३५.चुरोट छोडेको १० वा १५ वर्षभित्र यसका कारण मृत्यु हुने सम्भावना पूरै घटेर जान्छ ।
३६. चुरोट सेवनले थकान र टाउको दुखाइ बढ्छ ।
३७. चुरोट सेवनले नै ८० प्रतिशत जति स्वासप्रस्वासको रोग हुन्छ ।
३८. चुरोट सेवनले तपाईंको सुँघ्न सक्ने र चाख्ने शक्ति पनि ह्रास भएर जान्छ।
३९. चुरोट सेवनले मानिसको सातदेखि आठ वर्षजति आयु घटाउँछ।
४०. बेलायतमा मात्र बर्सेनी एक लाख १४ हजार मनिसको मृत्यु चुरोट सेवनका कारण हुन्छ ।

# स्वास्थ्य चौकीका सबै कोठामा धारा हुँदा सरसफाइमा सुविधा

रेखदेख संवाददाता
मुसीकोट

बाँफिकोटका सबै स्वास्थ्य चौकीका सबै कोठाहरुमा धाराको व्यवस्था गरिएको छ । बिरामीको स्वास्थ्य जाँच गर्दा सरसफाईमा समेत ध्यान दिनुपर्ने भन्दै प्रत्येक कोठामा साबुनपानी सहितको धारा राखिएको हो ।

यसअघि पिउने पानीको समेत समस्या हुने यस स्वास्थ्य चौकीमा फोहोर व्यवस्थापन र सरसफाईलाई मध्यनजर गर्दै स्वच्छता परियोजना र बाँफिकोट गाउँपालिकाको सहकार्यमा शुद्ध पिउनेपानी, प्रसुतिगृह लगायत अन्य सबै कोठामा हात धुने ठाउँको उचित व्यवस्थापन गरिएको स्वास्थ्य चौकी व्यवस्थापन समितिका अध्यक्ष समेत रहनुभएका बाँफिकोट -४ का वडाध्यक्ष लिलाराम विकले जानकारी दिएका छन् । नजिकैको समुदायमा आउने खानेपानीको लाइनबाट स्वास्थ्य चौकीमा ल्याएर क्लोरिनेशन र फिल्टर गरी सबै कोठामा पानीको वितरण गरिएको छ । स्वास्थ्य जाँच गर्नुअघि र पछि साबुनपानीले हात धुनुपर्ने सरकारी मापदण्ड भएपनि यसअघि पानीको सुविधा नहुँदा समस्या रहेको थियो ।

कोठाकोठामा पानीको व्यवस्था भएपछि सरसफाईका लागि सहज भएको स्वास्थ्य चौकीका अहेव बसन्तकुमार खड्काले जनाए । 'पहिले पानीको समस्या हुँदा सामान्य अवस्थामा हात नधोएरै पनि विरामीको चेकजाँच गर्नुपर्दथ्यो ।' उनले भने, 'हात धुनैपर्ने अवस्थामा बाहिर गएर ठूलो ड्रमबाट अप्ठेरो गरी पानी निकालेर सफा गर्नुपर्ने बाध्यता थियो ।' अहिले प्रत्येक बिरामी चेकजाँच गर्दा हात धुने गरेकोले घरमा पनि यसरी धुने बानी र व्यवहारको विकास भएको खड्काले जनाए । यहाँ आउने बिरामीले यो देखेर घरमा पनि सरसफाईमा ध्यान दिन थालेको उनको भनाई छ ।

गाउँपालिकाको सहकार्यमा स्वच्छता परियोजनाबाट यससँगै फोहोर व्यवस्थापनका लागि स्तरीय खाल्डाहरु निर्माण गरिएका छन् । प्रसुतीगृहबाट निस्कने फोहोरहरु सालनाल लगायतको व्यवस्थापनका लागि प्लासिन्टा पिट, डेसिङ लगायतको कामबाट आउने कटन र गजपिसहरु व्यवस्थापनका लागि ब्यूरियल पिट र हात धोएको फोहोर पानीको व्यवस्थापनका लागि सोकपिट समेत निर्माण गरिएको स्वच्छता परियोजनाका जिल्ला अधिकृत बमबहादुर खड्काले बताए ।त्यस्तै कुहिने अन्य फोहोर व्यवस्थापनका लागि कम्पोष्ट विन बनाउनुका साथै सीसा सुई जस्ता वस्तुहरुको व्यवस्थापनका लागि उपकरण सहयोग गरिएको छ । यस्ता खाल्डाहरु निर्माण हुँदा विशेषगरी सालनालको व्यवस्थापनमा सहज भएको अनमी पद्मा मल्लले जानकारी दिएका छन् । स्वच्छता परियोजनाको ८ लाख ९८ हजार ८ सय ८२ र बाँफिकोट गाउँपालिकाको एकलाख ८५ हजार ५ सय ७३ रुपियाँ गरी कूल १० लाख ५७ हजार एकसय ५६ रुपियाँ लगानीमा यो काम सम्पन्न भएको बताइएको छ ।


## जनहितमा जारी सन्देश

रुकुम जिल्ला २०७१ साल पौष ७ गते नेपालको १८ औं खुल्ला दिशामुक्त क्षेत्र घोषणा भई सकेको छ । भने सन् २०२० सम्ममा रुकुमको सम्पूर्ण गाउँपालिका र नगर पालिकाका साथै जिल्लालाई नै पूर्ण सरसफाई घोषणा गर्ने लक्ष्य रहेको हुँदा सम्पूर्ण रूकुम जिल्लाबासी दाजुभाई, दिदी बहिनीहरूमा तपशिलमा उल्लेखित पूर्ण सरसफाईका ६+१ सूचकहरु पुरा गरी साविकका गाविस तथा हालका वडा तथा गाउँपालिकाहरूलाई पूर्ण सरसफाईयुक्त घोषणा अभियानलाई सफल बनाउन सम्पूर्ण जिल्लाबासीहरूमा हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल :**
१) योजना तर्जुमा तथा व्यवस्थापन
२) चर्पीको समुचित प्रयोग (घरायसी, संस्थागत र सार्वजनिक)
३) व्यक्तिगत सरसफाई (साबुन पानीले हात धुने (घरायसी, संस्थागत र सार्वजनिक)
४) सुरक्षित पानीमा पहुँच तथा प्रयोग
५) सुरक्षीत खानाको प्रयोग
६) घरायसी एवं संस्थागत सरसफाई
७) वातावरणीय सरसफाई

डिभिजन प्रमुख
खानेपानी तथा सरसफाई डिभिजन
कार्यालय रुकुम (पश्चिम)

## ब्यक्तिगत घटना घटेको ३५ दिन भित्रै दर्ता गरौं

जन्मदर्ता भएपछि बालबालिकाको परिचय कायम हुन्छ । स्कुल भर्ना गर्न, नागरिकताको प्रमाण पत्र प्राप्त गर्न लगायतका कामको लागि जन्मदर्ता उपयोगी हुन्छ । त्यसैले बच्चा जन्मेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा गई निशुल्क जन्मदर्ता गरौं । साथै विबाह, बसाईसराई, मृत्यु र सम्वन्ध बिच्छेदका घटनाहरु समेत ३५ दिन भित्र दर्ता गरी समयमा नै प्रमाण पत्र लिई ढुक्क बनौं ।

**सानीभेरी गाउँपालिकाको कार्यालय रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश नेपाल**


प्रो.नवराज ओली
९८६६९६६५२२
९८०३५०८८५२

## निराजन गार्मेन्ट एण्ड सप्लायर्स

मुसिकोट नगरपालिका १ कालिका मन्दिर अगाडी
रुकुम (पश्चिम)



हामीकहाँ विभिन्न किसिमका बोर्डिङ्ग, स्कुलका ड्रेस, गेमसर्ट, ट्र्याक सुट, लेडिज एण्ड जेन्स जकेट सर्ट,टिसर्ट, टाइबेल्ट, सुइटर, ब्याग, स्कुल ब्याग लगायतका विभिन्न किसीमका आधुनिक कपडाहरु निर्माण गरिन्छ ।



रुकुम पूर्वको रमणीय तथा पर्यटकीय गाउँ रन्मामैकोट गाउँ । तस्वीर : रेखदेख

# एक गाग्रोभन्दा बढी पानी भरेमा जरिवाना

दैनिक जीवनमा पानी खर्च गर्दछौँ । तर दुनियाँका धेरै ठाउँमा मानिसहरु पानीको थोपा-थोपाका लागि तड्पिनु पर्दछ ।

नुहाउनका लागि परको कुरा, गला भिजाउनका लागि समेत पर्याप्त पानी नपाउनेहरुका लागि पानी अवश्य पनि मूल्यवान हुन्छ ।

पानीको तिर्खाले छटपटाएको एउटा यस्तै ठाउँ छ छिमेकी मुलुक भारतमा ।

जहाँ पानीकै अभावका कारण एउटा अनौठो नियम लागू भएको छ । जहाँ गाउँलेहरुले एक गाग्रोभन्दा धेरै पानी भर्न पाउँदैनन् । यदि नियम तोडेर एक गाग्रोभन्दा बढी पानी भरेमा जरिवाना तिर्नु पर्दछ ।

छत्तीसगढ राज्यमा पर्ने बस्तर भन्ने ठाउँमा पानीको यस्तो हाहाकार छ कि हरेक घरले एक गाग्रोभन्दा धेरै पानी भर्नै नपाउने नियम छ । बस्तर जिल्लाको दरभा ब्लकमा झण्डै एक दर्जन गाउँमा यस्तो नियम रहेको छ । पानीको चरम अभाव रहेको सो गाउँमा कम्तीमा पनि सबै गाउँलेले तिर्खा मेटाउने पानी पाउन सकून् भन्नका लागि यस्तो नियम लगाइएको हो ।



पानीको दुरुपयोग तथा असमान वितरण हुनसक्ने सम्भावनालाई मध्यनजर गर्दै गाउँ पञ्चायतले यस्तो निर्णय गरेको हो ।

आवश्यकता भन्दा धेरै पानी भर्ने वा अनावश्यक रुपमा पानी खर्च गर्नेलाई प्रति गाग्रो ५० भारु जरिवाना गर्ने नियम तोकिएको छ । पानी टंकी बाहिरै एउटा सूचना लेखिएको छ, जसमा भनिएको छ, 'एउटा गाग्रो लिएर पानी भरेर लैजानुहोस् । यदि बढि गाग्रो ल्याएमा प्रतिगाग्रो ५० रुपैयाँ तिर्नुपर्नेछ । *एजेन्सी*

> आवश्यकताभन्दा धेरै पानी भर्ने वा अनावश्यक रुपमा पानी खर्च गर्नेलाई प्रति गाग्रो ५० भारु जरिवाना गर्ने नियम तोकिएको छ ।


## जनहितमा जारी सन्देश

जातीय भेदभाव कानूनी अपराध हो ।

कसैले पनि जातीय भेदभाव तथा छुवाछूत गर्न वा गराउन हुदैन , यदि गरेमा जातीय भदेभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन २०६८ बमोजिम कसुर गर्ने व्यक्तिलाई तीन महिनादेखी तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

**त्रिवेणी गाउँपालिकाको कार्यालय रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश नेपाल**

## जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगौती दुध खुवाउऔं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।

सिस्ने गाउँपालिकाको कार्यालय
रुकुम (पूर्व) ५ नम्बर प्रदेश नेपाल

## हिमाली छापाखाना एण्ड स्टेशनरी पसल

हामीकहाँ फोटोकपी, लेमिलेसन, स्क्रिन प्रिन्ट, फोटो प्रिन्ट, पाठ्यपुस्तक, पत्रपत्रिका, कपडाको झोला छपाई, स्टेशनरी सामान, भिजिटीङ्ग कार्ड, बिवाह कार्ड, शुभकामना कार्ड, कम्पुटर टाईपिङ्ग, स्क्यानिङ्ग, एमआरपी फारम भर्नुका साथै इमेल इन्टरनेट सेवा समेत प्रदान गरिन्छ ।

हिमाली छापाखाना एण्ड स्टेशनरी पसल
मुसीकोट नगरपालिका १ तल्लो बजार रुकुम (पश्चिम)
फोन ०८८-५३०२६९ वा ९८४७९५४१९९, ९८४७९५४०७१






रेखदेख साप्ताहिकको लागि प्रकाशक/सम्पादक : प्रबिर ददेल कार्यालय : मुसिकोट नगरपालिका. १, मिडियाचोक रुकुम
फोन नं : ९८४७८७६७१३ इमेल : info@rekhadekh.com, rekhadekh@gmail.com
Web-www.rekhadekh.com मुद्रण : राप्ती अफसेट प्रेस रुकुम